जि.प्र.का.बाँ.द.नं.४०५/०५८/५९

# नेपाल पशुपंक्षीजन्य व्यवसायी संघ

केन्द्रीय कार्यालय बाँके, नेपालगञ्ज

मुकाम काठमाडौं

प.सं. ०७४/७५
च.नं. :

फोन नं. ०१-४३१३८३६

मितिः २०७५।१२।२८

## पशु व्यवसायमा सरकारी अवरोध बारेको पत्रकार सम्मेलनमा प्रस्तुत विषयको सारसंक्षेप

१. पृष्ठभूमि

(क) प्राचिन कालमा व्यवसायीले भैंसीलाई परालको जुक्ता लगाईदिएर भिमफेदीको बाटो ७ देखि १० दिन पैदल हिडाएर काठमाडौं पुऱ्याएर उपभोक्ताको सेवा गरेको। वाईरोडको बाटोमा भाडाको ट्रक पाउन थालेपछि १४ फिटे जर्मनी ट्रकमा ढुवानी गरेको र हाल व्यवसायीले राँगा भैंसी ढुवानी कै लागि २५ फिटे विशेष ट्रकको व्यवस्था गरी ढुवानी गरी रहेको।

(ख) काठमाडौं उपत्यकामा जिवित राँगा भैंसीको सट्टा गुणस्तरीय मासु पुऱ्याउने उद्देश्यले पञ्चायतकाल मै जर्मन सरकारको सहयोगमा हेटौडामा वद्यशाला निर्माण गरी दिएको र पछि सरकारले पशु वद्यशाला तथा मासु जाँच ऐन २०५५ लागु गरेको तर सो ऐन कार्यान्वयन नगरेको नगराएको।

(ग) सरकारले पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ लागु गरेर बोर्डरमा पशु क्वारेन्टाईन चेकपोष्ट स्थापना गरेको तर भारत सरकारसँग पशु आयात निर्यातको बारेमा र आन्तरिक राँगा भैंसी व्यवसायीसँग छलफल, अन्तरक्रिया र पर्याप्त होमवर्क नगरिकन विकसित राष्ट्र फिलिपिन्सको पशु ढुवानी मापदण्डको नक्कल ल्याएर हाम्रो भुपरिवेष्टित र अल्प विकसित राष्ट्रमा लागु गरेको।

२. **सरकारको अकर्मण्यता**

(क) सरकारले कानुन निर्माण वा जारी गर्नु भन्दा कार्यान्वयन पक्ष महत्वपूर्ण हुन्छ भन्ने कुरामा बुझ पचाउनु।

(ख) राज्यले संसारमा जति पनि राष्ट्र छन् सबैको भूगोल एकैनासको हुन्छ भनेर सोच्नु।

(ग) भारत सरकार वा विश्व पशु संगठनमा कुरा राख्न नसक्नु।

(घ) हाम्रो भूगोल, राजमार्ग, बाटोघाटोलाई ध्यान नदिएर विकसित राष्ट्रको मापदण्डको नक्कल ल्याएर यहाँ कानुनको रुपमा जारी गर्नु।

(ङ) **सरकारले भारतबाट आयात भईरहेको राँगा भैंसीले नेपाललाई भइरहेको फाईदाः** जस्तै भारतबाट नेपाल आयात गर्ने हजारौं व्यवसायी, तराईको हाटबजारमा कार्यरत हाटबजार सञ्चालक र व्यापारी, देशभित्र ओसार पसार गर्ने सप्लायर, राँगा भैंसीको मासु व्यवसायी, होटेल व्यवसायी र रेष्टुरेन्ट व्यवसायीको रोजगारी र तिनका परिवारको गाँस, बास कपास, पर्याप्त आन्तरिक राजश्व र भन्सार राजश्व, हाट बजारबाट स्थानीय तह लाई हुने आम्दानी प्रति संवेदनशिल हुन नसक्नु।

(च) सरकारले भारतबाट नेपाल आउने राँगा भैंसीको स्वस्थताप्रति भन्दा पेपरवर्कलाई प्राथमिकता दिनु।

३. **उपभोक्ताको खाँचो**

राँगा भैंसीको मासुमा सरुवा रोगको डरत्रास कम हुनु, खसी बोकाको अनुपातमा बोसोपन कम हुनु, स्वस्थकर हुनु र चिकित्सकले राँगा भैंसीको मासुलाई प्राथमिकता दिनु ।

४. **व्यवसायीको वर्तमान समस्या**

(क) सरकारले मिति २०७५।११।४ देखि भारतका पशु चिकित्सकलवे स्वास्थ्य परीक्षण गरेको राँगा भैंसीलाई मान्यता दिने र नेपालका पशु चिकित्सकले गरेको स्वास्थ्य परीक्षण कार्यलाई मान्यता नदिने निति लिनु र बोर्डरमा क्वारेन्टाईन प्रमाणपत्र जारी गर्न रोकिनु ।

(ख) पशु आन्तरीक ओसार पसारको क्रममा एक पशु चिकित्सकले पशुको स्वास्थ्य परिक्षण गरेर पशुको साईज हेरेर, पशुको संख्या तोकेर, ढुवानी साधन (ट्रक) नम्वर उल्लेख गरेर जारी गरेको पशु स्वास्थ्य प्रमाणपत्र अनुसार ओसार पसार गर्दा समेत आन्तरीक पशु क्वारेन्टाईन चेकपोष्टका कर्मचारीले साईज, ठूलो सानो, संख्या धेरै थोरै आदि अड्को थापेर दुःख दिनु जरिवाना गर्नु ।

(ग) उपभोक्ताको माग मध्ये १० प्रतिशत पनि नेपालमा उत्पादन नहुनु र ९० प्रतिशत भारतवाट पूर्ति गर्नुपर्ने वाध्यता रहनु ।

५. **समाधानको उपाय**

(क) सरकारी स्तरबाट भारत सरकारसँग वा विश्व पशु संगठनमा कुरा राख्नुपर्ने ।

(ख) नेपालको पशु चिकित्सकलाई बोर्डरमा स्वास्थ्य परीक्षण गर्नबाट नरोक्न र अस्वस्थ पशुलाई फिर्ता र स्वस्थ पशुलाई भित्र्याउने व्यवस्था मिलाउनु पर्ने । सरकारले भारतको पेपरलाई भन्दा आयात गरिने पशुको स्वास्थ्यलाई ध्यान दिनुपर्ने ।

(ग) वोर्डरमा मरेको पशुको क्षतिपूर्ति सरकारले उपलब्ध गराउनु पर्ने ।

(घ) सर्वोच्चको आदेश, राष्ट्रिय सभाको ध्यानाकर्षण र व्यवसायीको माग बमोजिम देशको भूगोल, बाटो घाटो र राजमार्गको अवस्था, आधुनिक ढुवानी साधनको अभाव सुहाउँदो निर्देशिकाहरु, ऐन र कानुनलाई सरोकारवालाको सम्मतीमा परिमार्जन गर्नुपर्ने र सो व्यवस्था नभएसम्म २०७५।११।३ सम्मको प्रक्रिया अनुरुप वोर्डरमा आएका राँगा भैंसीलाई पशु क्वारेटाईन चेकपोष्टका पशु चिकित्सकहरुले स्वास्थ्य परिक्षण गर्ने र पशु क्वारेटाईन प्रमाणपत्र जारी गर्ने कार्य पुर्ववत सुचारु गर्नुपर्ने ।

भवदीय

आत्माराम पौडेल

कार्यालय प्रमुख

मो.नं.९८५५०६७९३८